**निर्णय नं. १** चुरे गाउँपालिकाले बिभिन्न मितिमा कार्यालयको आवश्यकताको आधारमा बिभिन्न शाखा उपशाखमा कामकाज गर्ने गरी करार सेवामा कर्मचारी भर्ना गरेको र तिनिहरुको सेवा करार सम्झौता यही पटष मसान्तमा सकिन लागेको हुदा **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन तथा नयाँ अवधीको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८** अनुसार निजहरुको कार्यसम्पादन मुल्याङ्कनका आधारमा सेवा करारका कर्मचारीहरुको नयाँ अवधीको लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. २** यस चुरे गाउँपालिकाको आ.वङ २०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन ( Local Government Institutional Capacity Self- Assessment)) को तपसिल बमोजिमको मुल्याङकित नतिजाालाई अनुमोदन गर्नुका साथै आगामी बर्षहरुमा यसमा सुधार गर्दै लैजाने र उक्त अनुमोदित नतिजा चुरे गाउँपालिकाको website: www.churemun.gov.np प्रकाशन गर्ने ।

तपसिलः-

| सि.नं. | विषयगत क्षेत्र | प्राप्ताङ्क प्रतिसत |
|---|---|---|
| १ | शासकिय प्रवन्ध | १००% |
| २ | संगठन तथा प्रशासन | ९३.७५% |
| ३ | वार्षिक बजेट तथा योजना कार्यान्वियन | ९५.४५% |
| ४ | वित्तित एवं आर्थिक व्यवस्थापन | ८८.६४% |
| ५ | सेवा प्रबाह | ८७.५% |
| ६ | न्यायीक कार्य सम्पादन | ८५.७१% |
| ७ | भौतिक पूर्वाधार | ९६.१५ |
| ८ | सामाजिक समावेसिकरण | ८५% |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९४.४४% |
| १० | सहकार्य र समन्वय | ८३.३३% |
| | जम्मा | ९१.२५% |

**निर्णय नं. ३** चुरे गाउँपालिकाले आफ्नो गाउँपालिकाको आफ्नै प्रतिक चिन्ह (लोगो)_निर्माण गर्नको लागि सूचना प्रकाशन गरेकोमा पर्न आएका प्रस्तावहरु ( प्रतिक चिन्हको नमुना) मध्यहरुको मुल्याङ्कन गर्दा सबै भन्दा उपयुक्त श्री शुशिल पनेरु , गोदावरी नगरपालिका ले निर्माण गरेको प्रतिक चिन्ह छनौंठ गरीप्रयोगमा ल्याउने र निज शुशिल पनेरुलाई कदरपत्र सहित रु.२१०००।०० पुरुस्कार प्रदान गर्ने।

**निर्णय नं. ४** चुरे गाउँपालिका र गौरिगंगा नगरपालिकाबिच सिमा विबाद रहेको, नेपाल सरकार भुमी व्यवस्था सहकारी तथा गरिवि निवारण मन्त्रालय नापी बिभाग द्वारा पालिकालाई उपलव्ध गराएको नक्शा अनुसार चुरे गाउँपालिकाले आफ्नो सिमा सिमांकन गरेकोमा हाल आएर गौरिगंगा नगरपालिकाका केही तपसिलका सामुदायिक वन उपभोक्ता समुहहरुले बलमिच्चाई गरी चुरे गाउपालिकाको सिमाक्षेत्रलाई समेत समेटर आफ्नो सिमा बिस्तार

Scanned with
CamScanner

गरेको हुदा त्यस्तो कार्यको तुरुन्त रोक्न लगाउनका लागि डिभिजन वन कार्यालय कैलाली तथा सव डिभिजन वन कार्यालय चौमालालाई अनुरोध गर्ने।

**निर्णय नं. ५** स्थानीय पूर्वाधार विकास कार्यक्रम अनतर्गत प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) द्वारा स्तरोन्नती हुन लागेको सहजपुर-निगाली सडक (चेनेज ०+०००-१४+८३५) को आ.व. २०५४/५५ मा बिश्व खाद्य कार्यक्रम अन्तर्गत निर्माण भएको र सोको लगत कट्टी नभएको हुदाँ सो सडकको लगत कटट् गरिदिन हुन नेपाल सरकारलाई अनुरोध गर्ने ।

१. शिवसुन्दर सामुदायिक वन उपभोक्ता समुह
२. शिवगंगा सामुदायिक वन उपभोक्ता समुह
३. मौआरी सामुदायिक वन उपभोक्ता समुह
४. मोहन्याल सामुदायिक वन उपभोक्ता समुह
५. राधाकृष्ण सामुदायिक वन उपभोक्ता समुह
६. पशुपति सामुदायिक वन उपभोक्ता समुह
७. केदार सामुदायिक वन उपभोक्ता समुह

**निर्णय नं. ६** पशुसेवा शाखाको .व. २०८१/०८२ को वार्षिक बजेट अन्तर्गतको ७५% अनुदानमा राँगो वितरण गर्ने कार्यक्रम अन्तर्गतको राँगो यस पटक चुरे गाउँपालिका वडा नं. ५ लाई दिन पशुसेवा शाखालाई निर्देशन दिने।

**निर्णय नं. ७** आ.व. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत पालिका भित्र खानेपानी फिल्टर जडानको लागि रु. २ लाख रकम विनियोजन भएकोमा उक्त कार्य गर्दा लगभग रु. ४६०००।०० अपुग हुनजाने देखिएको हुँदा सो रकम मेसिनरी औजार खरिद शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ८** चुरे गाउँपालिकाको आ.व. २०८०/०८१ को सामाजिक परिक्षण (Social Audit ) र लैंगिक तथा सामाजिक समावेसीकरण सम्बन्धी परिक्षण प्रतिवेदन GESI Report) को नतिजा अनुमोदन गर्ने ।

**निर्णय नं. ९** गाउँपालिकामा सुशासन कायम गर्न तथा सार्वजनिक कामकारबाहीहरुलाई समय सापेक्ष सुधार गर्न तथा निति नियमको परिपालना गर्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग , राष्ट्रिय सतर्कता केन्द्र लगायत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिएका सुझआवहरुको कार्यानवयन गर्दै जाने।

**निर्णय नं. १०** आथिक अवस्था कमजोर रहेको भनि यस कार्यालयमा निवेदन दिनु बएका वडा नं. ६ निवासी श्री सिता पार्कीलाई चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ अनुसार रु.१५०००।० आर्थिक सहायता प्रदान गर्ने।

**निर्णय नं. ११** चुरे गाउँपालिकाको आ.व. २०८१/०८२ बार्षिक बजेट तथा कार्यक्रमलाई तपसिल बमोजिम शिर्षक तथा रकम संसोधन गरी स्वीकृत लागि गाउँसभामा पठाउने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. १२** आ.व. २०७८/०७९ मा श्री कालीमाई कन्सट्रक्सन सँग योजना सम्झौता भई निर्माणाधिन अवस्थामा रहेको वडा नं. ४ को प्रशासनिक भवन ठेक्का नं ( CRM/ NCB/WORKS/02/2078/079 को म्याद यही पौष महिनामा सम्म रहेको र विविध कारणबस कार्य सम्पन्न हुन नसकेको तर कार्य द्रुत गरिमा अगाडी बढीरहेको र पुनः एकपटक म्याद थप गरिदिएमा थपेको अवधी भित्र कार्य सम्पन्न गर्ने भनि सम्बन्धित निर्माण व्यवसायीले प्रतिबद्धता सहित म्याद थप गरिदिन हुन भनि निवेदन दिएको हुँदा उक्त योजनाको म्याद आगामी २०८२ जेठ मसान्त सम्मको लागि थप गर्न गाउँपालिकालाई निर्देशन दिने।

**निर्णय नं. १३** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २२ मा भएको व्यवस्था अनुसार बेरोजगारको प्राथमिकिकरणमा परेका बेरोजगारहरुले काम गर्न इन्कार गरेमा निजहरुलाई प्राथमिकिकरणको सूचीबाट हटाई निजको सट्टा काम गर्न चाहने अरु सुचीकृत र गरिब बिपन्न, र एकल महिला बेरोजगारलाई प्राथमिकरणमा समावेस गरी कामकाज लगाउने व्यवस्था अनुसार तपसिलका प्राथमिकरणमा परेका बेरोजगारहरुलाई हटाई निजको सट्टामा देहाय बमोजिमका सूचिकृत व्यक्तिहरुलाई थप गर्ने निर्णय गर्नुका साथै सो सूचीलाई सार्वजनिक गर्ने।

Scanned with CamScanner